# एमसीसी नेपाल कम्प्याक्टसम्बन्धी जानकारी






नेपाल सरकार

अर्थ मन्त्रालय

## मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल)

© मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति वि.सं. २०७६ माघ

# भूमिका

ऊर्जा सुरक्षालाई केन्द्रबिन्दुमा राखेर देशमा रहेको अपार जलसम्पदाको सदुपयोग गर्दै १० वर्षमा १५ हजार मेगावाट विद्युत् उत्पादन गरी राष्ट्रिय मागलाई पूर्ति गर्ने र बढी हुने विद्युत् निर्यात गर्ने उद्देश्य अनुरूप विद्युत् प्रसारण लाइनको गुरूयोजना नेपालले बनाएको छ । त्यसै गुरूयोजनाको मुटुमा रहेको लप्सिफेदीदेखि बुटवलसम्म लगभग ३१२ किमि लामो प्रसारण लाइन निर्माण गर्ने तथा नयाँ प्रविधि प्रयोग गरेर सडक मर्मत गर्ने उद्देश्यसहित नेपाल सरकारले मिलेनियम च्यालेञ्ज एकाउण्ट विकास समिति (एमसिए-नेपाल)को स्थापना गरेको छ । नेपालको आर्थिक वृद्धिको मार्गमा प्रमुख दुई अवरोधका रूपमा पहिचान गरिएका पर्याप्त तथा भरपर्दो विद्युत् आपूर्तिको अभाव तथा उच्च ढुवानी खर्चसम्बन्धी समस्यालाई सम्बोधन गर्नका लागि मित्रराष्ट्र अमेरिकाको मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसीसी) को आर्थिक अनुदानलाई परिचालन गरेर महत्वपूर्ण प्रसारण लाइन आयोजना तथा रणनैतिक सडक मर्मत आयोजना कार्यान्वयन गर्ने जिम्मेवारी एमसिए-नेपालमा रहेको छ ।

प्रारम्भिक अवस्थामा एमसीसीको 'थ्रेसहोल्ड' नामक सानो अनुदान कार्यक्रमका लागि छनोट भएको नेपाललाई सो अनुदानको प्रक्रिया पूरा नहुँदै विसं २०७१ मा ठूलो परिमाणको अनुदान अर्थात 'कम्प्याक्ट' का लागि जनताको जीवनस्तर उकास्ने लगानी, लैङ्गिक समानता, महिलालाई शिक्षा, सुशासन र पारदर्शिता आदि जस्ता एमसीसीका लगभग २० वटा सूचकमा नेपालले गरेको प्रगति र प्रतिबद्धताको आधार नै हो । नेपाल आफैले छानेका आयोजनालाई नेपाल आफैले कार्यान्वयन गर्ने गरी संयुक्त राज्य अमेरिकाले प्रदान गरेको ५० करोड अमेरिकी डलरको अनुदान सहयोग अहिलेसम्मकै सबैभन्दा ठूलो एकल अमेरिकी सहयोग हो ।

पाँच वर्षको निश्चित कार्यान्वयन अवधि भएको यो आयोजनाले निर्धारित समयमा नै कार्य सम्पन्न गरिसक्नुपर्ने र सो हुन नसकेमा सहायता रकम फर्किजाने चुनौतीयुक्त विशेषता बोकेको छ । यस अन्तर्गतको विद्युत् प्रसारण आयोजनाले पूर्वमा तामाकोशी नदी बेसिनदेखि पश्चिममा कालिगण्डकी नदी बेसिनमा उत्पादन भएका वा हुने करिब तीन हजार मेगावाट विद्युत् नेपालका मुख्य शहरहरूमा पुऱ्याउनुका साथै नेपालमा खपत नहुने विद्युत् छिमेकी मुलुकलाई बिक्री गर्नका लागि आवश्यक पूर्वाधार उपलब्ध गराउन पहल गर्नेछ । यस आयोजनाले नेपालको अर्थतन्त्रलाई सबल बनाउनुका साथै अन्तरराष्ट्रिय समुदाय र लगानीकर्तालाई पनि नेपालमा लगानी गर्न विश्वास जगाउनेछ । निर्माण अवधि, नयाँ प्रविधि र नेपालको लगभग एक तिहाइ लम्बाइ रहेको निर्माणाधिन प्रसारण लाइन आयोजनाले विभिन्न चुनौतीहरूको सामना गर्नुपर्ने हुनाले यस आयोजनालाई समयमै र निर्धारित बजेटभित्रै सक्नुपर्ने प्रावधान अनुरूप यसका केही पूर्वशर्तहरू छन् । यी पूर्वशर्तमध्ये अधिकांश पूर्वशर्तहरू पूरा भइसकेका छन् भने केही छलफलको क्रममा रहेका छन् । त्यस्तै सडक निर्माणतर्फ पनि पूर्व-पश्चिम राजमार्गको एउटा खण्डमा नवीनतम प्रविधिको प्रयोगमार्फत सडकको स्तरोन्नति हुनेछ ।

नेपालको पूर्वाधार विकासमा नयाँ आयाम कोर्ने क्रममा रहेको यस कार्यक्रमका सम्बन्धमा सर्वसाधारण तथा सञ्चार माध्यमद्वारा देखाइएको गहिरो अभिरूचिप्रति एमसिए-नेपाल आभार प्रकट गर्दछ । पारदर्शितालाई मूल मान्यताका रूपमा आत्मसात् गर्दै आएको यस कार्यक्रमका लागि सर्वसाधारणद्वारा प्रदर्शन गरिएको चासोलाई एमसिए-नेपालले अवसरका रूपमा लिएको छ । यस आयोजनाका सन्दर्भमा आम नागरिकका बीचमा रहेका समसामयिक जिज्ञासालाई स्पष्ट गर्ने अभिप्रायले यो पुस्तिका तयार पारिएको छ ।

यो पुस्तिका एमसिए-नेपालसम्बन्धमा चासो राख्ने सबैलाई उपयोगी हुने आशा एवं विश्वास हामीले लिएका छौं ।


धन्यवाद !
काठमाडौं, वि.सं. २०७६ माघ

**खड्गबहादुर विष्ट**
कार्यकारी निर्देशक
एमसिए-नेपाल

# एमसीसी नेपाल कम्प्याक्टसम्बन्धी जानकारी

## क) मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसीसी/MCC) भनेको के हो ?

सन् २००४ मा स्थापना गरिएको मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसीसी/MCC) अमेरिकी सरकारको एउटा स्वतन्त्र निकाय हो । यस निकायले विभिन्न देशलाई आर्थिक वृद्धि मार्फत गरिबी घटाउनका लागि गर्नुपर्ने लगानीका निमित्त अनुदान दिएर सघाउने काम गर्छ । हालसम्म विश्वका ४९ देशलाई एमसीसीले यस प्रकारको अनुदान उपलब्ध गराएको छ । अल्बानिया, आर्मेनिया, जर्जिया जस्ता युरोपेली देशका साथै अफ्रिकी मुलुकहरू घाना, केन्या, लाइबेरियामा पनि यो कार्यक्रम लागू भएको छ । ल्याटिन अमेरिकाको एल साल्वाडोर, पेरू, ग्वाटेमालाका साथै एसियाका मङ्गोलिया, फिलिपिन्स, श्रीलङ्का, इण्डोनेसिया आदि देश पनि एमसीसीको अनुदान कार्यक्रममा अनुबन्धित छन् । सन् २०१७ अगस्टमा बसेको एमसीसीको सञ्चालक समितिको बैठकले नेपाललाई ५० करोड अमेरिकी डलरको अनुदान सहयोग गर्ने प्रस्तावलाई स्वीकृत गरेको थियो ।




*विश्व मानचित्रमा एमसीसी अनुदान परिचालन भइरहेका राष्ट्रहरू*

## ख) मिलेनियम च्यालेञ्ज एकाउण्ट (एमसिए/MCA) भनेको के हो ?

अमेरिकी सरकारको मिलेनियम च्यालेञ्ज कर्पोरेशनबाट कुनै राष्ट्रलाई एमसीसी कम्प्याक्ट प्रदान गरिएपछि सम्बन्धित राष्ट्रको तर्फबाट उक्त अनुदानको व्यवस्थापन, कार्यान्वयन तथा अनुगमन निर्धारित समयभित्र गरी लक्षित उपलब्धि हासिल गर्नका लागि गठन गरिने जिम्मेवार निकायलाई मिलेनियम च्यालेञ्ज एकाउण्ट (एमसिए) भनिन्छ । अनुदान प्राप्त गरेको राष्ट्रकै स्वामित्व र नेतृत्वमा आयोजना सञ्चालन हुन दिनका लागि निर्माण गरिने यस निकायको स्वरूप विभिन्न राष्ट्रमा स्थानीय आवश्यकता अनुसार विभिन्न किसिमका हुने गरेको छ । उदाहरणका लागि, कुनै राष्ट्रमा यसलाई सम्बन्धित कार्यकारी कार्यालयको एक एकाइका रूपमा राखिएको हुन्छ भने कुनै राष्ट्रमा सरकारी मन्त्रालय अन्तर्गतको कुनै संस्थाको रूपमा यसको स्थापना गरिएको हुन्छ । यसैगरी सम्बन्धित सरकारले सञ्चालन गर्ने गरी स्वतन्त्र निकायका रूपमा पनि एमसिएको गठन गरिएको पाइन्छ ।

नेपालको सन्दर्भमा एमसीसीबाट प्राप्त अनुदानलाई निर्धारित समयभित्र निर्धारित लक्ष्य हासिल हुने गरी सञ्चालन र कार्यान्वयन गर्नका लागि नेपाल सरकार तथा एमसीसीको पहलमा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय अनुसार विसं २०७५ वैशाख ५ गते नेपाल राजपत्रमा सूचना प्रकाशित गरी विकास समिति ऐन-२०१३ अनुसार छुट्टै विकास समितिका रूपमा मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल) गठन गरिएको छ । मिलेनियम च्यालेञ्ज अनुदान अन्तर्गतका आयोजनाहरूको कार्यान्वयन सम्बन्धित देशमा रहने एमसिएले नै गर्दछ । यसरी कार्यान्वयनका क्रममा एमसीसीको कुनै प्रत्यक्ष भूमिका हुँदैन ।

## ग) एमसीसीको सहायता प्राप्त गर्न कस्तो प्रक्रिया अवलम्बन गर्नुपर्दछ ?

- हालसम्म एमसीसीले विश्वव्यापी रूपमा कृषि र सिँचाइ, शिक्षा, ऊर्जा उत्पादन र वितरण, स्वास्थ्य, यातायात र पूर्वाधार, खानेपानी र सरसफाइ लगायतका क्षेत्रमा सहयोग गरेको छ । नेपालमा एमसीसीले सडक यातायात र विद्युत् प्रसारण लाइनका लागि सहयोग गर्ने सम्झौता गरेको छ । एमसीसीले विश्वभरिका अति कम विकसित र विकासोन्मुख राष्ट्रहरूमा ती देशको आवश्यकता अनुसार आर्थिक वृद्धिमा योगदान गर्ने सम्भावना भएका विकास आयोजना सञ्चालनका लागि अनुदान प्रदान गर्दै आएको छ । एमसीसीको लक्ष्य आर्थिक विकासको माध्यमबाट विश्वव्यापी गरिबी कम गर्नु हो ।

- एमसीसीको सहायता प्राप्त गर्न इच्छुक राष्ट्रले प्रतिस्पर्धा गर्नुपर्दछ र उक्त प्रतिस्पर्धा २० वटा सूचकका आधारमा हुने गर्दछ । नागरिकका लागि सरकारले गरेको लगानी, पारदर्शिता, महिला तथा बालबालिकाका लागि लगानी, कानुनी राज्यको शासन सूचक मध्येका केही उदाहरण हुन् । यस्ता २० वटा सूचकका आधारमा छानिएपछि मात्र कुनै देश अनुदान पाउने प्रतिस्पर्धामा सहभागी हुनसक्छन् । यस्तै सूचकका आधारमा छानिएपछि सन् २०११ बाट नेपालले एमसीसीसँगको सहकार्य शुरू गरेको हो ।

## घ) एमसीसीको सहायता प्राप्त गर्न नेपालले के गर्नुपर्‍यो ? कुन प्रक्रियाबाट यो सहयोग प्राप्त भएको हो ?

एमसीसीले सुरूमा 'थ्रेसहोल्ड कार्यक्रम' नामक सानो सहयोगको कार्यक्रम राखेको हुन्छ । थ्रेसहोल्ड कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेपछि ठूलो आयोजनाका लागि अनुदान प्रदान गरिन्छ र यस अनुदानलाई 'कम्प्याक्ट' भनिन्छ । नेपालमा द्वन्द्वको अन्त्य हुनुका साथै लोकतन्त्र बहाली भएपछि सन् २०११ मा थ्रेसहोल्ड कार्यक्रम प्राप्त गर्ने तयारी सुरू भएको थियो भने त्यसले अन्तिम रूप नपाउँदै नेपाललाई कम्प्याक्टका लागि योग्य ठहर्‍याएर यस अन्तर्गतको अनुदान प्रदान गर्ने काम सुरू गरिएको थियो । विभिन्न चरणको छलफल र विमर्शपश्चात् सन् २०१७ मा नेपालले एमसीसीसँग कम्प्याक्ट अनुदान सम्झौतामा हस्ताक्षर गरेको हो ।

**कम्प्याक्टको प्रारम्भिक चरणदेखि कम्प्याक्ट हस्ताक्षरसम्म निम्नलिखित समयमा निम्नलिखित महत्वपूर्ण निर्णयहरू गरिएका थिए :**

| क्र.सं. | मिति | सम्पन्न गरिएको कार्य | कार्य सम्पन्न गर्ने सरकारका प्रतिनिधि |
|---|---|---|---|
| १. | २०७४ भदौ २९ | 'मिलेनियम च्यालेञ्ज कम्प्याक्ट' मा हस्ताक्षर | अर्थमन्त्री : श्री ज्ञानेन्द्रबहादुर कार्की<br>प्रधानमन्त्री : श्री शेरबहादुर देउवा |
| २. | २०७४ भदौ १९ | सम्झौतामा हस्ताक्षर गर्न तत्कालीन अर्थमन्त्री समेतको टोलीलाई अख्तियारी दिने सम्बन्धमा मन्त्रिपरिषद्को निर्णय | अर्थमन्त्री : श्री ज्ञानेन्द्रबहादुर कार्की<br>प्रधानमन्त्री : श्री शेरबहादुर देउवा |
| ३. | २०७४ साउन १० | सहायता स्वीकार गर्ने विषयमा मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्न स्वीकृति | अर्थमन्त्री : श्री ज्ञानेन्द्रबहादुर कार्की<br>प्रधानमन्त्री : श्री शेरबहादुर देउवा |
| ४. | २०७४ जेठ १८ | द्विपक्षीय वार्ता टोली गठन | अर्थमन्त्री : श्री कृष्णबहादुर महरा<br>प्रधानमन्त्री : श्री पुष्पकमल दाहाल |
| ५. | २०७३ साउन ५ | कम्प्याक्टको मसौदा तयार गर्ने र सम्भावित आयोजनाबारे अध्ययन गर्नका लागि प्राविधिक अनुदान सहायता स्वीकार गर्नेसम्बन्धी सम्झौता | अर्थमन्त्री : श्री बिष्णुप्रसाद पौडेल<br>प्रधानमन्त्री : श्री के.पी. शर्मा ओली |
| ६. | २०७२ भदौ २८ | सम्भावित आयोजनाबारे अध्ययन गर्नका लागि प्राविधिक अनुदान सहायता स्वीकार गर्नेसम्बन्धी सम्झौता | अर्थमन्त्री : डा. रामशरण महत<br>प्रधानमन्त्री : श्री सुशील कोइराला |
| ७. | २०७१ चैत २३ | पूर्व सचिव कृष्ण ज्ञवालीलाई कम्प्याक्ट कार्यक्रम तयारीका लागि राष्ट्रिय संयोजक र तत्कालीन अर्थमन्त्रीको संयोजकत्वमा निर्देशक समितिको गठन | अर्थमन्त्री : डा. रामशरण महत<br>प्रधानमन्त्री : श्री सुशील कोइराला |
| ८. | २०७१ माघ | एमसीसीले नेपाललाई कम्प्याक्टका लागि छनोट गरेको जानकारी प्राप्त | अर्थमन्त्री : डा. रामशरण महत<br>प्रधानमन्त्री : श्री सुशील कोइराला |
| ९. | २०७० पुस २१ | विकासका अवरोध पहिचान (Constraints Analysis) का लागि नेपाली अर्थशास्त्रीहरूको समूह गठन | अर्थमन्त्री : श्री शङ्करप्रसाद कोइराला<br>मन्त्रिपरिषद् अध्यक्ष : श्री खिलराज रेग्मी |

| | | | |
|---|---|---|---|
| १०. | २०६८ माघ २७ | एमसीसीसँग समन्वय गर्नका लागि वैदेशिक सहायता समन्वय महाशाखाका प्रमुखलाई सम्पर्क अधिकृत नियुक्त | अर्थमन्त्री : श्री वर्षमान पुन<br>प्रधानमन्त्री : डा. बाबुराम भट्टराई |
| ११. | २०६८ माघ ५ | नेपाल थ्रेसहोल्ड कार्यक्रममा छनोट भएको जानकारी प्राप्त | अर्थमन्त्री : श्री वर्षमान पुन<br>प्रधानमन्त्री : डा. बाबुराम भट्टराई |

## ङ) नेपाललाई प्राप्त हुने एमसीसीको सहायता अनुदान कुन कुन क्षेत्रमा खर्च गरिनेछ ?

- कम्प्याक्ट सम्झौता अन्तर्गत अमेरिकी सरकारले ५० करोड अमेरिकी डलर अनुदान स्वरूप उपलब्ध गराउने र नेपाल सरकारको तर्फबाट सो कार्यक्रममा १३ करोड अमेरिकी डलर बराबरको रकम विनियोजन गर्नुपर्ने व्यवस्था छ । सो रकम ऊर्जा र यातायात विकासका क्षेत्रमा सम्झौता लागू भएको मितिबाट पाँच वर्षभित्र परिचालन गरिसक्नुपर्ने प्रावधान रहेको छ ।

- उक्त सम्झौतामा देहाय बमोजिमका विद्युत् प्रसारण लाइन निर्माण तथा सडक मर्मत सम्भार गर्ने कार्य समेटिएको छ :


  ➔ काठमाडौँको उत्तरपूर्वमा अवस्थित लप्सीफेदीदेखि काठमाडौँको पश्चिममा रहेको नुवाकोटको रातमाटेसम्मको खण्ड, रातमाटेदेखि हेटौँडासम्मको खण्ड, रातमाटेदेखि दमौलीसम्मको खण्ड, दमौलीदेखि बुटवलसम्मको खण्ड र बुटवलदेखि भारतको सिमानासम्मको खण्डमा ४०० के.भि. क्षमताको प्रसारण लाइनहरू तथा रातमाटे, दमौली र बुटवलमा तीन वटा सबस्टेशन निर्माण गरिने,

  ➔ एमसीसीबाट प्राप्त हुने अनुदानमध्ये ३१२ कि.मि. प्रसारण लाइन र सबस्टेशन निर्माणका लागि करिब ४० करोड अमेरिकी डलर खर्च गरिने,

  ➔ त्यसैगरी सडकतर्फ पूर्व-पश्चिम राजमार्गको कपिलवस्तु जिल्लाको चन्द्रौटादेखि लमही हुँदै बाँके र दाङ जिल्लामा पर्ने शिवखोलासम्मको कुल एक सय किलोमिटर सडकको स्तरोन्नति गरिने, सडक स्तरोन्नतिका लागि एमसीसीबाट प्राप्त हुने अनुदानमध्ये करीब ५.२ करोड अमेरिकी डलर खर्च गरिने,

  ➔ बुटवल-गोरखपुर अन्तरदेशीय प्रसारण लाइनको नेपाल-भारत सीमासम्मको करिब २२ किमि प्रसारण लाइन निर्माणका लागि सहायता उपयोग गरिने,

  ➔ ऊर्जा क्षेत्रको भरपर्दोपना र एमसीसी लगानीको दिगोपना बढाउन क्षमता विकासका लागि प्राविधिक सहायता पनि प्रदान गरिने ।




*एमसिए-नेपालका विद्युत् प्रसारण आयोजना र सडक मर्मत आयोजना कार्यान्वयन गरिने क्षेत्र ।*


## च) के आधारमा विद्युत् प्रसारण लाइन निर्माण र सडकको स्तरोन्नतिसम्बन्धी आयोजना छनोट गरिएको हो ?


एमसीसी अनुदान दिन तयार भएपछि नेपालले उक्त अनुदान कुन क्षेत्रमा परिचालन गर्ने भन्ने बारे विज्ञहरूसँग छलफल गरिएको थियो । उक्त छलफललाई निष्कर्षमा पुऱ्याउनका लागि अर्थ मन्त्रालयको संयोजकत्वमा एक समिति गठन गरी आर्थिक वृद्धिका अवरोधहरू पहिचान गर्ने विज्ञ टोलीद्वारा अध्ययन हुँदा छिटोछिटो परिवर्तन भइरहने नियम कानुन, बिग्रिएको श्रम सम्बन्ध, खराब सडक र बिजुलीको सहज वितरणको अभावलाई आर्थिक वृद्धिका प्रमुख अवरोधका रूपमा पहिचान गरिएको थियो । नेपालको जलविद्युत् नीति र गुरुयोजना तथा सडक निर्माण क्षेत्रमा गर्नुपर्ने कामहरूलाई दृष्टिगत गरी नेपाल सरकारले एमसीसीबाट प्राप्त हुने सहयोगलाई प्रसारण लाइन र सडकको स्तरोन्नतिका लागि खर्च गर्ने निर्णय गरेको हो । आफैले पहिचान गरेका आयोजनामा खर्च गर्ने निर्णय नेपाल सरकारले नै गरेको हो ।

| राष्ट्रिय प्रसारण ग्रीड कम्पनीले तयार गरेको प्रसारण गुरुयोजनाको सार | | | |
|---|---|---|---|
| **क्षेत्र** | **करीडोर तथा आयोजनाहरू** | **हब स्टेशन** | **सीमापारी** |
| क्षेत्र १ | महाकाली, पश्चिम सेती तथा कर्णाली करीडोर<br>• पञ्चेश्वर (३२४० मेगावाट)<br>• हुम्ला कर्णाली क्यास्केड (९१६ मेगावाट)<br>• पश्चिम सेती (७५० मेगावाट)<br>• एसआर-६<br>• चैनपुर सेती जलाशय | दुदोधारा तथा नयाँ अत्तरिया सबस्टेशनहरू | बरेली, उत्तराखण्ड, भारत |
| क्षेत्र २ | भेरी करीडोर<br>• नलगढ (४१० मेगावाट)<br>• भेरी ४ जलाशय (३०० मेगावाट)<br>• भेरी ३ जलाशय (४८० मेगावाट)<br>• नौमुरे जलाशय (३४२ मेगावाट)) | फूलबारी सबस्टेशन | लखनउ, उत्तर प्रदेश, भारत |
| क्षेत्र ३ | काली गण्डकी तथा मर्स्याङ्दी करीडोर<br>• माथिल्लो मर्स्याङ्दी-२ (६०० मेगावाट)<br>• काली गण्डकी - कोभान (४०० मेगावाट)<br>• मनाङ मर्स्याङ्दी (२८२ मेगावाट) | न्यू बुटवल सबस्टेशन | गोरखपुर, उत्तर प्रदेश, भारत |
| क्षेत्र ४ | त्रिशुली-चिलिमे, खिम्ती र तामाकोशी करीडोर<br>• सुनकोशी-२ (११९० मेगावाट)<br>• तामाकोशी-३ (६५० मेगावाट)<br>• सुनकोशी-३ (५३६ मेगावाट) | • न्यू ढल्केबार<br>• चिलिमे ४०० किलोभोल्ट | • मुजफरपुर, भारत<br>• केरूङ, चीन |
| क्षेत्र ५ | कोशी, अरूण तथा काबेली करीडोर<br>• तमोर जलाशय (७५६ मेगावाट)<br>• किमाथाङ्गा अरूण (४५० मेगावाट)<br>• माथिल्लो तमोर (४१५ मेगावाट)<br>• अरूण-४ (३७२ मेगावाट) | • इनरूवा सबस्टेशन<br>• किमाथाङ्गा सबस्टेशन | • पुर्णिया, भारत<br>• लात्से, चीन |

## छ) नेपालले भारतको गोरखपुर जोड्ने प्रसारण लाइन बनाउन पर्नुको कारण के हो ?

नेपाल सरकारले आफ्नो जलविद्युत् विकास नीति-२०५८ कार्यान्वयन गर्न सरकारी र निजी क्षेत्रलाई विद्युत् परियोजनामा लगानी गर्न प्रेरित गरेको छ । साथै नेपालमा जलस्रोतको सम्भावनालाई दृष्टिगत गर्दै सरकारले अगाडि सारेका कार्यक्रममार्फत नेपालले १० वर्षमा १५ हजार मेगावाट जलविद्युत् उत्पादन गर्ने र सोको निर्यात गर्ने लक्ष्य लिएको छ । तसर्थ बूढीगण्डकी र मर्स्याङ्दी करिडोरलगायतका स्थानबाट उत्पादन भएको विद्युत् बढी हुँदा त्यसलाई भारत निर्यात गर्न नेपालको बुटवलदेखि भारतको गोरखपुरसम्मको प्रसारण लाइनको महत्वपूर्ण भूमिका रहन्छ । यसका अतिरिक्त नेपालले चाहेको स्थानबाट मात्रै विद्युत् निर्यात गर्नसक्ने अवस्था नहुने भएकोले त्यसका लागि विद्युत् आयात गर्ने राष्ट्रमा पनि उपयुक्त संरचना आवश्यक पर्दछ । विद्युत् निर्यातसम्बन्धी उद्देश्य प्राप्तिका लागि गोरखपुर जोड्ने प्रसारण लाइनको निर्माण आवश्यक भएको हो ।।


बर्षा याममा विद्युतको माग र आपूर्ती अवस्था करोड युनिट
1400
1200
1000
800
600
400
200
0
1,300
1,304
1,169
926
767
698
586
601
507
420
2018/19
2019/20
2020/21
2021/22
2022/23
साल / Year
माग
आपुर्ती


सुख्खा याममा विद्युतको माग र आपूर्ती अवस्था करोड युनिट
900
800
700
600
500
400
300
200
100
0
767
698
601
507
420
289
289
258
210
129
2018/19
2019/20
2020/21
2021/22
2022/23
साल/Year
माग
आपुर्ती

### ज) एमसीसी कम्प्याक्टको धारा ७ मा रहेको "इण्ट्री इण्टु फोर्स" (कम्प्याक्ट पूर्ण रूपमा लागू हुने अवस्था) को अर्थ के हो ?

एमसीसी अनुदानको अवधि पाँच वर्षको छ र प्राप्त सहयोग यो समयावधिभित्र खर्च गरिसक्नुपर्छ । उक्त समयावधिभित्र खर्च गर्न नसकेको अनुदान रकम फिर्ता जानेहुँदा बिना कुनै अवरोध आयोजनाका कामहरू अगाडि बढाउनुपर्ने अनिवार्यता रहन्छ । एमसीसी अन्तर्गतका कुनै आयोजनामा काम सुरू भएपश्चात् कुनै अवरोध नहोस् भन्ने उद्देश्यले केही पूर्वशर्त राखिएका छन् । ती पूर्वशर्त अनुदान परिचालनसँग सम्बन्धित छन् र ती पूर्वशर्त पूरा भएपश्चात् मात्र कम्प्याक्ट 'इण्ट्री इण्टु फोर्स' अर्थात् कम्प्याक्ट पूर्ण रूपमा लागू हुने अवस्थामा प्रवेश गर्दछ र त्यसपश्चात् पाँच वर्षको समयावधि गणना सुरू हुन्छ । नेपालको सन्दर्भमा आयोजना सम्बन्धी तयारीका लागि नेपाललाई सन् २०२० जुनसम्मको समय दिइएको छ । यो समयभित्र आयोजना कार्यान्वयन पहिलेका क्रियाकलाप सम्पन्न गर्नुपर्नेछ ।

### झ) एमसीसी कम्प्याक्टमा रहेका पूर्वशर्तहरू के के हुन् ? ती पूर्वशर्त नेपालले पूरा गरिसकेको छ ?

एमसीसी कम्प्याक्टमा उल्लेखित पूर्वशर्तहरू र तिनीहरूको अवस्था निम्नानुसार रहेको छ :

- विद्युत् प्रसारण लाइन आयोजनालाई राष्ट्रिय गौरवको आयोजना घोषणा गर्नुपर्ने - (घोषणा गरिसकिएको, पूर्वशर्त पूरा भएको);
- विद्युत् नियमन आयोग ऐन लागू गरी उक्त आयोग गठन गर्नुपर्ने - (ऐन संसद्बाट पारित भई आयोग समेत गठन भइसकेको, पूर्वशर्त पूरा भएको);
- कार्यक्रम कार्यान्वयन सम्झौतामा हस्ताक्षर गर्नुपर्ने - (हस्ताक्षर गरिसकिएको, पूर्वशर्त पूरा भएको);
- नेपाल-भारतबीच बुटवल-गोरखपुर अन्तरदेशीय प्रसारण लाइन निर्माणका लागि भारत सरकारको सहमति प्राप्त गर्नुपर्ने - (सहमति प्राप्त भइसकेको, पूर्वशर्त पूरा भएको);
- जग्गा अधिग्रहण, स्थल-पहुँच र वनक्षेत्र प्रयोग गर्ने अधिकार प्राप्त भएको हुनुपर्ने - (उपर्युक्त सबै कामको प्रगति निर्दिष्ट क्रममा रहेको);
- संसद्बाट कम्प्याक्टको अनुमोदन हुनुपर्ने - (हालसम्म पूरा नभएको);
- नेपाल सरकारले एमसीसीलाई सबै शर्त पूरा भई कम्प्याक्ट पूर्ण रूपमा लागू गर्न तयार भएको सूचना दिने - (यो सूचना सम्पूर्ण पूर्वशर्त पूरा हुनासाथ तुरून्त दिइनेछ ।)

### ञ) संसद्बाट एमसीसी कम्प्याक्टको अनुमोदन किन हुनुपर्दछ ?

अन्तरराष्ट्रिय कानुन अन्तर्गतको सन्धिसम्बन्धी भियना अभिसन्धि, १९६९ एवम् नेपालको कानुनले एमसीसी कम्प्याक्टलाई अन्तरराष्ट्रिय सम्झौताको स्तरमा राख्दछ । नेपाल सन्धि ऐन, २०४७ को दफा ९ ले अन्तरराष्ट्रिय सम्झौता वा सन्धिको कार्यान्वयन कसरी गर्नुपर्छ भन्ने विषयलाई थप स्पष्ट पार्दै अन्तरराष्ट्रिय सम्झौता वा सन्धिमा भएका प्रावधानलाई सन्धि लागू हुनेसन्दर्भमा नेपाल कानुन सरह लागू गर्नुपर्ने उल्लेख गरेको छ । साथै सन्धिसम्बन्धी भियना अभिसन्धि,

१९६९ को दफा २७ मा समावेश भएको "A party may not invoke the provisions of its internal law as justification for its failure to perform a treaty" प्रावधानले राष्ट्रलाई आन्तरिक कानुन देखाएर अन्तरराष्ट्रिय सम्झौता वा सन्धि सम्पादन नगर्नेबाट रोक लगाउँछ । तसर्थ एमसीसी कम्प्याक्टलाई सन्धिसम्बन्धी भियना अभिसन्धि, १९६९ तथा नेपाल सन्धि ऐन, २०४७ अनुरूप प्रभावकारी रूपमा कार्यान्वयन गर्न तथा एमसीसी कम्प्याक्टको व्यवस्थालाई नेपाल सन्धि ऐन, २०४७ बमोजिम लागू गर्न उक्त सम्झौतालाई अनुमोदनका निमित्त संसद्मा प्रस्तुत गर्नुपर्ने भएको हो । नेपालको कानुन तथा न्याय मन्त्रालयबाट पनि कम्प्याक्ट सम्झौताका प्रावधानहरूलाई प्रभावकारी बनाउन प्रतिनिधिसभाको सामान्य बहुमतबाट पारित गरिनुपर्ने भनी उल्लेख भएको हुँदा सो बमोजिम कम्प्याक्ट सम्झौतालाई प्रतिनिधिसभामा अनुमोदनका लागि प्रस्तुत गरिएको हो ।

### ट) नेपालको कानुनसँग बाझिएको खण्डमा कम्प्याक्ट सम्झौता लागू हुने भनेको के हो ? के यो नेपालको सन्दर्भमा नयाँ प्रावधान हो ?

- कम्प्याक्ट सम्झौताको उद्देश्य नेपालका कुनै पनि कानुन विस्थापित गर्ने नभई कम्प्याक्ट कार्यान्वयन गर्नेसन्दर्भमा कम्प्याक्टमा उल्लेखित व्यवस्था लागू गर्ने हो । यो भनेको तोकिएका आयोजना कार्यान्वयन गर्दा आकर्षित हुने कानुनहरूमा मात्र सीमित रहने विषय हो । उदाहरणका लागि, नेपालको सार्वजनिक खरिद ऐन लागू नहुने व्यवस्था कम्प्याक्टमा छ । यस्तो व्यवस्था सार्वजनिक खरिद ऐन-२०६३ को दफा ६७ ले पनि गरेको छ । कम्प्याक्टको हकमा सम्पूर्ण खरिद कार्यका लागि एमसीसीको कार्यक्रम खरिद मार्गनिर्देशिका (Millennium Challenge Corporation Program Procurement Guidelines) प्रयोग हुने हुँदा यसको दफा ७.१ ले कम्प्याक्टमा उल्लेखित व्यवस्था लागू हुने भनी कार्यान्वयनमा बाधा नहुने गरी मार्गप्रशस्त गरेको छ ।

- नेपाल सङ्घीय गणतन्त्र भएको तथा संघ, प्रदेश र स्थानीय तहलाई पनि कानुन निर्माण गर्ने संवैधानिक अधिकार दिइएको परिप्रेक्ष्यमा भविष्यमा बन्ने कुनै स्थानीय वा प्रदेश कानुनबाट कम्प्याक्ट सम्झौता अन्तर्गतका काममा बाधा नपरोस् भन्ने उद्देश्यले यस्तो व्यवस्था गरिएको हो । यो प्रावधानले आयोजनाहरू पाँच वर्षको समयावधिभित्रै सम्पन्न गर्न सघाउ पुर्‍याउँदछ ।

- कुनै कानुन सम्झौतासँग बाझिएको खण्डमा उक्त सम्झौता लागू हुने प्रावधान केवल नेपालसँगको सम्झौतामा मात्र रहेको नभई माली, मोल्दोभा, मङ्गोलिया, सेनेगल, ताञ्जानिया, जाम्बिया, मोरक्को, घाना, नामिबिया जस्ता अन्य राष्टसँग हस्ताक्षर गरिएका कम्प्याक्ट सम्झौतामा पनि उक्त दफा ७.१ सोही रूपमा राखिएको छ । ती सबै देशमा संसद्बाट सम्झौता अनुमोदन भएको छ ।

- त्यस्तै कम्प्याक्ट सम्झौताको दफा ६.४ मा कम्प्याक्ट सम्झौता अन्तरराष्ट्रिय सम्झौता भएको र अन्तरराष्ट्रिय कानुनका सिद्धान्तहरूद्वारा यसको व्याख्या हुने प्रावधान रहेको हुँदा यो प्रावधान प्रचलित अन्तरराष्ट्रिय कानुनको सिद्धान्त अनुरूप नै रहेको छ ।

- नेपालको सन्दर्भमा नेपालले हस्ताक्षर गरेका अन्य सम्झौतामा पनि यस किसिमको प्रावधान छ र यस्तो शर्त अन्तरराष्ट्रिय सहायता सम्झौताको अभिन्न अङ्ग भएको हुँदा एमसीसी कम्प्याक्टमा रहेको यो प्रावधान नौलो होइन ।

## ठ) कम्प्याक्ट सम्झौता संविधानसँग बाझिएको खण्डमा के हुन्छ ?

नेपालको संविधान नेपालको सर्वोच्च कानुन हो, मूल कानुन हो । यसको धारा १ ले संविधानसँग बाझिएको कानुन बाझिएको हदसम्म अमान्य हुने स्पष्ट गरेको छ । तसर्थ कुनै पनि राष्ट्रिय वा अन्तरराष्ट्रिय सम्झौता संविधानभन्दा माथि हुँदैन । एमसीसी अनुदान सहायता सम्झौतालाई पनि संविधानभन्दा माथि हुने गरी अङ्गीकार गरिएको छैन । कुनै पनि अनुदान सम्झौता संविधानभन्दा माथि हुने अन्तरराष्ट्रिय अभ्यास पनि छैन । एमसीसी ऐनमा पनि कम्प्याक्ट सहयोग प्राप्त गर्ने देशको संविधानभन्दा माथि हुने कुरा कतै उल्लेख गरिएको छैन ।

## ड) बौद्धिक सम्पत्तिमा एमसीसीको मात्र अधिकार रहने हो ?

बौद्धिक सम्पत्ति प्रयोगको विषयमा कम्प्याक्टको दफा ३.२ (च) मा उल्लेख गरिएको छ, साथै बौद्धिक सम्पत्ति (Intellectual Property) लाई अनुसूचि ६ (Annex VI Definitions) मा पनि परिभाषित गरिएको छ । उक्त परिभाषाले एमसीसीको अनुदानबाट उत्पादित बौद्धिक सामग्रीलाई मात्र समेटेको छ । यसको अर्थ नेपाल सरकारद्वारा आफ्नो १३ करोड अमेरिकी डलरको लगानी गरी विकास गरिएका बौद्धिक सम्पत्ति एमसीसीको प्रयोगको निम्ति दिनुपर्ने अवस्था रहँदैन । साथै एमसीसीको अनुदानमार्फत विकास गरिएका कुनै बौद्धिक सामग्रीको प्रयोग गर्न पनि नेपाल सरकारलाई बन्देज लगाइएको पनि छैन । एमसीसीको अनुदानबाट विकास गरिएका बौद्धिक सामग्रीको हस्तान्तरण एउटा पक्षलाई (एमसीसीलाई मात्रै) गरिनुपर्छ भनी बन्देज लगाइएको पनि छैन । नेपाल सरकारले आवश्यकता अनुसार उक्त सम्पत्तिको प्रकृति हेरी आवश्यक र उपयोगी ठहऱ्याएमा उक्त बौद्धिक सम्पत्ति अन्य निकायलाई पनि प्रदान गर्न सक्दछ, यसमा कुनै बन्देज छैन ।

तसर्थ कम्प्याक्ट सम्झौताले नेपाललाई त्यस्ता बौद्धिक सामग्री उपयोग गर्न वञ्चित गरेको छैन र उपयोग गरेबापत नेपाल सरकारले एमसीसीलाई कुनै शुल्क (रोयल्टी) तिर्नुपर्ने व्यवस्था पनि छैन । यो कार्यक्रममा नेपालले १३ करोड अमेरिकी डलर खर्च गर्नेछ र अमेरिकी सरकारले ५० करोड अमेरिकी डलर खर्च गर्नेछ । तर कुनै पनि बौद्धिक सामग्री प्रयोग गर्न नेपालले एमसीसीलाई कुनै अतिरिक्त शुल्क बुझाउनुपर्ने छैन, जो नेपालकै हितमा छ । नेपालले बौद्धिक सम्पत्तिमाथि सर्वाधिकार परित्याग गरिदिएको कुरा सत्य होइन । विद्युत् प्रसारण लाइन निर्माण तथा सडक मर्मतका लागि तयार गरिने डिजाइन, संरचनाजस्ता बौद्धिक सम्पत्ति सो ही आयोजनाका लागि मात्र उपयोगी हुने खालका हुन्छन् र अन्य आयोजनाका लागि तिनको प्रयोग गरिनु व्यावहारिक नहुन सक्छ । अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनजस्ता उपयोगी बौद्धिक सम्पत्ति भने वेबसाइटमार्फत सर्वसाधारणलाई उपलब्ध गराइनेछ । स्पष्ट हुनुपर्ने कुरा के हो भने नेपाल सम्पूर्ण बौद्धिक सम्पत्तिको अधिकारको धनी देश हो र तिनीहरूको प्रयोगमा कुनै प्रतिवन्ध लगाइएको छैन । तसर्थ सम्पूर्ण बौद्धिक सम्पत्तिमा नेपालको अधिकार रहनेछ, साथै नेपालले त्यस्तो अधिकार परित्याग गर्नुपर्ने उल्लेख कम्प्याक्टमा गरिएको छैन ।

## ढ) कुनै एक देशका कम्पनीले मात्रै निर्माण ठेक्का पाउने कुरा सत्य हो ?

एमसीसी अनुदान अन्तर्गत सञ्चालन हुने आयोजनाका निर्माण कार्यका लागि विश्वव्यापी प्रतिस्पर्धात्मक टेण्डर (Global Competitive Bidding) आह्वान गरी सक्षम ठेकेदार कम्पनी खोजिने व्यवस्था छ । यस अन्तर्गत एमसिए-नेपालले वासिङ्टन, काठमाडौँ र नयाँ दिल्लीमा आउटरिच कार्यक्रम आयोजना गरी नेपाल लगायत अन्य देशका ठूला ठेकेदार कम्पनीहरूलाई एमसीसी परियोजनाका विषयमा जानकारी दिएको छ । एमसीसीको खरिद मार्गनिर्देशिकामा कुनै पनि देशलाई प्राथमिकता दिने व्यवस्था छैन । यथार्थमा भन्नुपर्दा एमसीसी कम्प्याक्ट वा थ्रेसहोल्ड कार्यक्रम लागू भएका ४९ वटा राष्ट्रमध्ये अधिकांश देशमा कुनै एक देशका अथवा अमेरिकी कम्पनीले मात्र निर्माण ठेक्का पाएको छैन । तसर्थ अमेरिकी कम्पनीले वा कुनै एक देशका कम्पनीले मात्रै ठेक्का पाउँछ भन्ने कुरा सत्य होइन । तसर्थ एमसीसी खरिद मार्गनिर्देशिकाको अधिनमा रही निर्माणको ठेक्का लगाउँदा अन्तरराष्ट्रिय प्रतिस्पर्धाको माध्यमबाट बोलपत्र आव्हान गरी काम गर्ने पाउने ठेकेदारबारे निर्णय गरिने र सोही बमोजिम ठेक्का प्रदान गरिने हुँदा कुनै एक देशको कम्पनीले मात्र ठेक्का पाउन सम्भव हुँदैन । यस प्रकारको व्यवस्था एमसीसी खरिद मार्गनिर्देशिकामा पनि छैन ।

## ण) खर्चको लेखापरीक्षण कसरी गरिन्छ ?

एमसीसीको अनुदान रकमबाट आयोजनामा हुने खर्चको लेखापरीक्षण महालेखापरीक्षकले गर्ने व्यवस्था छ । वि.सं. २०७२ देखिनै आयोजनाले गरेको खर्चको लेखापरीक्षण महालेखा परीक्षकद्वारा भइरहेको छ । महालेखापरीक्षकद्वारा लेखापरीक्षण गरिने व्यवस्था कम्प्याक्टको दफा ३.८ (क) मा गरिएको छ । यो व्यवस्थालाई मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (गठन) आदेश-२०७४ को दफा ११ मा पनि स्पष्ट रूपमा राखिएको छ । तसर्थ नेपाल सरकारले तोकेको लेखापरीक्षक अथवा महालेखापरीक्षकद्वारा लेखापरीक्षण गर्ने पाउने व्यवस्था कम्प्याक्ट सम्झौता र गठन आदेश दुवैमा कुनै द्विविधा नहुनेगरी प्रस्टसँग गरिएको छ ।

## त) कम्प्याक्ट सम्झौता खारेज गर्ने अधिकार एकलौटी रूपमा एमसीसीलाई मात्रै छ ?

- कम्प्याक्टको दफा ५.१ (क) मा कुनै पनि पक्षले ३० दिनको सूचना दिएर कम्प्याक्ट रद्द गर्न पाउने व्यवस्था गरिएको छ । तसर्थ नेपाल सरकारले चाहेको अवस्थामा बिना कुनै कारण पनि कम्प्याक्ट सम्झौता रद्द गर्नसक्दछ । एमसीसीले मात्रै कम्प्याक्ट रद्द गर्न पाउने तर नेपालले नपाउने भन्ने प्रावधान कम्प्याक्टमा कतै छैन ।

- सन् २००४ देखि हालसम्मको १५ वर्षको अवधिमा हस्ताक्षर भएका ४७ वटा एमसीसी कम्प्याक्टमध्ये दुई वटा कम्प्याक्ट (मादागास्कर र मालीका कम्प्याक्ट) मात्र बीचैमा रद्द गरिएका छन् । ती कम्प्याक्ट रद्द गरिनुका कारणका रूपमा निम्नलिखित विषयले महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइएको छ :

    क) मालीको कम्प्याक्ट रद्द गरिनुको कारण : मालीमा सन् २०१२ मा भएको सैनिक विद्रोहका कारण माली प्रजातान्त्रिक शासन व्यवस्था र कानुनी शासनप्रतिको प्रतिबद्धतामा चुकेको एमसीसीको ठहर,

    ख) मादागास्करको कम्प्याक्ट रद्द गरिनुको कारण : मादागास्करमा प्रजातान्त्रिक

तवरले नियुक्त राष्ट्रपतिलाई सैनिक बलमा अप्रजातान्त्रिक तवरले पदच्युत गरी नयाँ राष्ट्रपति चुनिनुलाई प्रजातान्त्रिक शासन व्यवस्था र कानुनी शासनप्रतिको प्रतिबद्धतामा मादागास्कार चुकेको एमसीसीको ठहर ।

तसर्थ, उल्लेखित घटनाक्रमका आधारमा के देखिन्छ भने राष्ट्रको प्रजातान्त्रिक शासन व्यवस्थाप्रतिको प्रतिबद्धतामाथि नै प्रश्नचिन्ह सिर्जना गर्ने असाधारण प्रकृतिका घटना भएको अवस्थामा मात्र एमसीसी कम्प्याक्ट रद्द हुने अवस्था सिर्जना भएको देखिन्छ ।

## थ) एमसीसी र नेपालबीचको द्विपक्षीय सम्झौतामा तेस्रो देश भारतको नाम र उनको सहमतिका कुरा किन समावेश भएको हो ?

- नेपाल र भारतबीच निर्माण गर्न लागिएको ‘न्यू बुटवल-गोरखपुर अन्तरदेशीय प्रसारण लाइन’ लाई सरकारले ठूलो महत्व प्रदान गरेको छ । सो प्रसारण लाइन निर्माणका लागि नेपाल भारतबीच संयुक्त कम्पनी बनाएर जान सकिने कुरामा दुवै देश सहमत भएका छन् । उक्त प्रसारण लाइनको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) पनि तयार भइसकेको छ । नेपाल विद्युत् प्राधिकरणको बुटवलमा रहेको सब-स्टेशन नजिक अर्को सबस्टेशन बनाएपछि न्यू बुटवल-गोरखपुर अन्तरदेशीय प्रसारण लाइनबाट नेपाल र भारतबीच विद्युत् आयात निर्यात गर्न सहज हुने अपेक्षा गरिएको छ ।

- उक्त प्रसारण लाइनको कुल १४० किलोमिटर (नेपालको बुटवलबाट भारतको गोरखपुरसम्म) को २० किलोमिटर खण्ड नेपालमा र बाँकी नेपाल-भारत सिमानाबाट भारतको गोरखपुरसम्मको १२० किलोमिटर खण्ड भारतमा पर्दछ । बूढीगण्डकी र मर्स्याङ्दी करिडोरलगायतका स्थानबाट उत्पादन भएको विद्युत् बढी हुँदा भारत निर्यात गर्न सो प्रसारण लाइन उपयोगी हुने विश्वासका साथ दुवै मुलुकले उक्त परियोजनालाई प्राथमिकतामा राखेका हुन् । सरकारले १० वर्षमा १५ हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखेको सन्दर्भमा सोही प्रसारण लाइनमार्फत करीब दुई हजार मेगावाट विद्युत् निर्यात गर्ने लक्ष्य राखेको छ ।

- बिजुलीको मुख्य माग हुने भैरहवा, बुटवल, नारायणगढ, पोखरा, दाङलगायतका शहर समेत उक्त प्रसारण लाइनको नजिक पर्ने भएकाले सरकारले यसलाई प्राथमिकतामा राखेको हो । सरकारले प्रस्ताव गरेको प्रसारण लाइन गुरूयोजनामा पनि अन्तरदेशीय प्रसारण लाइन निर्माण, आन्तरिक प्रसारण लाइनको विकास तथा विस्तारलाई जोड दिइएको छ । उक्त अन्तरदेशीय प्रसारण लाइन केवल नेपालको भूमिमा मात्र बनाइने नभई यसको १२० किलोमिटर खण्ड भारतीय भूमिमा पनि निर्माण गर्नुपर्ने आवश्यकता रहेको हुँदा भारतको सहमति आवश्यक मात्र नभई अनिवार्य नै हुन्छ ।

- नेपालले प्रसारण लाइन निर्माण र सबस्टेशन निर्माणमा खर्च गर्न ४० करोड अमेरिकी डलरको बजेट तर्जुमा गरेको अवस्थामा भारतीय भूमिमा प्रसारण लाइन निर्माण नभएको खण्डमा नेपाली भूमिमा बन्ने प्रसारण लाइनलाई प्रयोग गर्न सकिने अवस्था नहुने सम्भावनालाई नकार्न सकिँदैन । यस अवस्थामा बूढीगण्डकी र मर्स्याङ्दी करिडोर लगायतका स्थानबाट उत्पादन भएको विद्युत् निकासी गर्न नसकिने र नेपाल सरकारको नेपाल विद्युत् प्राधिकरणले अरबौंको रोयल्टी मात्रै तिर्नुपर्ने अवस्था आउनुका साथै

सरकारले १० वर्षमा १५ हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखेको भए पनि विद्युत् निर्यात गर्ने लक्ष्य प्राप्त गर्न असम्भव हुन्छ । त्यसैले गर्दा पनि भारतसँग सहमति अनिवार्य हुन्छ । भारतसँगको सहमतिको आवश्यकता भारतीय भूमिमा बन्ने प्रसारण लाइनको सन्दर्भमा मात्रै हुन्छ । नेपाली भूमिमा बन्ने कुनै पनि प्रसारण लाइन वा सबस्टेशन वा सडकका लागि भारतको सहमति आवश्यक पर्ने भनेर कम्प्याक्टमा लेखिएको छैन । नेपाली भूमिमा बन्ने कुनै पनि प्रसारण लाइन वा सबस्टेशन निर्माणमा भारतको सहमति आवश्यकता पर्ने कुराको कल्पना पनि गर्न सकिँदैन ।

### द) कम्प्याक्ट कार्यान्वयनका क्रममा नेपाली निकायहरूलाई अनुबन्धित गर्नु अघि एमसीसीको अनुमति चाहिने हो ?

नेपाल सरकारले राज्यका कुनै पनि निकायलाई कम्प्याक्ट कार्यान्वयनमा संलग्न गराउनु परेमा एमसीसीको स्वीकृति लिनुपर्ने व्यवस्था कम्प्याक्ट अनुदानलाई दुरूपयोग हुनबाट बचाउन राखिएको हो । आवश्यक परेको खण्डमा नेपालका सरकारी निकायहरूलाई आयोजनामा समावेश गर्न कुनै बन्देज लगाइएको छैन । वन तथा वातावरण मन्त्रालय, नेपाल विद्युत् प्राधिकरण, सडक विभागसँग आयोजना सहयोग सम्झौता (Project Cooperation Agreement) मार्फत काम अगाडि बढिसकेको अवस्था छ भने यसमा एमसीसीले कुनै आपत्ति जनाएको छैन । एमसीसीले नेपालका अन्य निकायसँग समन्वय गरेर काम अगाडि बढाउन प्रेरित गर्ने गरेको छ । आवश्यकता अनुसार नेपाल सरकारले आफू मातहतका अन्य निकायलाई पनि परियोजनामा सहभागी गराउन सक्नेछ ।

### ध) एमसीसी अनुदान सहायता वित्तीय सहायता मात्रै हो या यसमा अन्य कुनै रणनैतिक सहायता पनि समावेश छ ?

- एमसीसी अनुदान विशुद्ध रूपमा आर्थिक विकासमा केन्द्रित छ र यो कुनै सैन्य मामिलासँग नजोडिएको सम्झौता हो । एमसीसी आयोजनाको लक्ष्य विद्युत् प्रसारण लाइन निर्माण र सडक स्तरोन्नति गरी आर्थिक विकासमा सघाउनु हो । यसमा कुनैपनि सैन्य मामिला वा अन्य रणनैतिक पक्ष संलग्न छैन । एमसीसी आयोजनामा सैन्य संलग्नता लाई अमेरिकी कानुनले नै निषेधित गरेको छ ।

- एमसीसी कम्प्याक्ट अन्तर्गत अमेरिकी सेना नेपाल आउने र नेपाली सेनालाई प्रशिक्षण दिने कुनै प्रावधान छैन । यस अन्तर्गत सैनिक प्रशिक्षणलाई पूर्ण रूपमा प्रतिबन्धित गरिएको हुँदा यस सम्झौतामार्फत आर्थिक सहयोग बाहेक नेपालले अन्य कुनै सैनिक वा रणनैतिक सहयोग प्राप्त गर्नसकिने अवस्था छैन ।

### न) कम्प्याक्ट हिन्द-प्रशान्त रणनीति (Indo-Pacific Strategy - IPS) अन्तर्गतको कार्यक्रम हो ?

- अमेरिकी राष्ट्रपति जर्ज डब्लु. बुशले सन् २००२ को इण्टर अमेरिकन डेभेलप्मेण्ट ब्याङ्कको बैठकमा अमेरिकी सहायतालाई दिगो बनाउने उद्देश्यले नयाँ संस्थाको अवधारणा प्रस्तुत गर्नुभएको थियो । अमेरिकी कङ्ग्रेसको दुवै सदनले 'Millennium Challenge Act of 2003' पारित गरेपछि सोही अवधारणालाई मूर्त रूप दिन सन्

२००४ मा वैदेशिक सहायता प्रदान गर्ने स्वतन्त्र संस्थाका रूपमा मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसीसी) स्थापना गरिएको हो । एमसीसीबाट प्रदान गरिने सहायता प्राप्त गर्न विभिन्न अविकसित र विकासोन्मुख राष्ट्रले प्रतिस्पर्धा गर्नुपर्दछ ।

- नागरिक स्वतन्त्रता, प्रजातन्त्र र कानुनी शासनप्रतिको प्रतिवद्धता, भ्रष्टाचार रोक्न सम्बन्धित देशले गरेका कार्यहरू लगायत विभिन्न २० सूचकको अनुगमनपश्चात् मात्र एमसीसीले कम्प्याक्ट सम्झौता तयार गर्नेबारे निर्णय गर्दछ । यो कुनै सैनिक गठबन्धनका आधारमा सहयोग प्रदान गर्ने संस्था हैन र यसलाई त्यसो गर्न 'Millennium Challenge Act of 2003' ले अनुमति पनि दिँदैन । एमसीसीको उद्देश्य अविकसित र विकासोन्मुख राष्ट्रहरूलाई सहयोग गरी आर्थिक विकासमार्फत गरिबी हटाउनेतर्फ रहेको हुँदा यो विशुद्ध आर्थिक विकासका लागि सहयोग गर्न गठन गरिएको संस्था हो । एमसीसी गठन गर्न बनेको कानुन 'Millennium Challenge Act of 2003' को दफा ६०५ ले मिलेनियम च्यालेञ्ज कम्प्याक्टमार्फत सैनिक सहायता र सैनिक तालिम उपलब्ध गराउनमा पूर्ण प्रतिबन्ध लगाएको छ । यसैले नेपालद्वारा हस्ताक्षर गरिएको मिलेनियम च्यालेञ्ज कम्प्याक्ट सैनिक गठबन्धनको हिस्सा नभएको प्रष्ट हुन्छ ।

- साथै, नेपालद्वारा हस्ताक्षर गरिएको कम्प्याक्ट सम्झौताको दफा २.७ (क) ले स्पष्ट रूपमा एमसीसीको सहायता सेना, प्रहरी, मिलिसिया, राष्ट्रिय सुरक्षा वा अन्य अर्धसैन्य सङ्गठन वा त्यस्ता एकाइको प्रशिक्षण वा सहयोगका लागि उपयोग गर्नमा पूर्ण बन्देज लगाएको छ । यस अवस्थामा एमसीसी कम्प्याक्ट कुनै सैनिक गठबन्धनको हिस्सा नरहेको स्वतः स्पष्ट हुन्छ ।

- एमसीसीसँग नेपालको सम्बन्ध सन् २०१२ को प्रारम्भ (वि.सं. २०६८ माघ) देखि नै भएको र सन् २०१४ (वि.सं २०७० पुस) देखि नेपालका लागि कम्प्याक्टको अवधारणा तयार हुन थालिसकेको थियो । अमेरिकी सरकारको हिन्द-प्रशान्त नीति (आईपीएस) र त्यसको अवधारणा सन् २०१८ जुलाई ३० (वि.सं २०७५ साउन १४) मा मात्रै विकसित भएको देखिन्छ । तसर्थ सन् २०१७ सेप्टेम्बर १४ (वि.सं २०७४ भदौ २९) मा हस्ताक्षर गरिएको कम्प्याक्ट सम्झौता र आइपीएसबीच कुनै सम्बन्ध नरहेको स्पष्ट छ । आईपीएस नेपालसँग कम्प्याक्ट सम्झौता भइसकेपछि मात्रै विकसित भएको नीति हो । उक्त नीति प्रति एमसीसीले कुनै सामिप्यता राख्दैन ।

- एमसीसी अनुदान सम्झौता कुनै सङ्गठन, गठबन्धन वा क्लबको अङ्ग नभएकोले त्यसको सदस्यता लिनु पर्दैन । नेपालले एमसीसी अनुदान सम्झौता अन्तर्गत सहायता प्राप्त गर्दा स्वतः आइपीएसको सदस्यता लिनुपर्ने वा त्यसलाई लागू गर्नुपर्ने वाध्यता हुँदैन । नेपालको आफ्नै स्वतन्त्र परराष्ट्र नीति छ र आफ्नो परराष्ट्र नीति तर्जुमा गर्न नेपाल सधैँ स्वतन्त्र छ । त्यसैले एमसीसी अनुदान सहायता प्राप्त गर्नुलाई नेपाल कुनै गठबन्धनको सदस्य बनेको अर्थमा लिनु उपयुक्त हुँदैन ।

- कम्प्याक्ट सम्झौतामा कतै पनि सैन्य सहयोगको कुरा छैन र कम्प्याक्ट विकासका क्रममा पनि सैन्य सहायताबारे कुनै चर्चा भएको थिएन ।

- आईपीएसको नीतिलाई आधार मानेर उक्त नीतिलाई सम्बोधन र समावेश गर्ने कम्प्याक्ट सम्झौतामा कुनै परिवर्तन गरिएको छैन ।

- कम्प्याक्ट सम्झौता लगायत यस सम्झौतासँग सम्बन्धित पत्र आदानप्रदानका क्रममा न आइपीएसमा अनुबन्धित हुन आग्रह गरिएको थियो न त त्यसमा समावेश हुने सहमति प्रदान गरिएको थियो । कम्प्याक्टसँग सम्बन्धित कुनै पनि दस्तावेजमा कहीँ पनि आइपीएसबारे उल्लेख गरिएको छैन ।

- सन् २००४ पछि एमसीसीले विश्वका करिब ५० देशलाई सहयोग उपलब्ध गराएको छ र ती देश एसिया प्रशान्त क्षेत्र (Indo-Pacific region) का मात्रै नभई विश्वका विभिन्न स्थानका छन् । एमसीसीको सहायता आइपीएस अन्तर्गत भएको भए हिन्द प्रशान्त क्षेत्रमा मात्रै यो सहायता केन्द्रित हुने थियो तर त्यसो भएको छैन ।

- एमसीसी सहायता कुनै सैन्य गठबन्धनको हिस्सा नभएको र एमसीसी लागू गर्दा नेपाल अरू कुनै संरचनामा सम्मिलित हुनु नपर्ने भनी अमेरिकी सरकारले स्पष्ट गरिसकेको सन्दर्भमा यससम्बन्धमा अन्य कुनै द्विविधा हुनुपर्ने देखिँदैन ।

### प) विद्युत् प्रसारण लाइन कुनै खास क्षेत्र (जस्तै, दमौली) भएर जानुको कारण के हो ? एमसीसीले विद्युत् प्रसारण लाइनको मार्ग निर्धारण गरेको हो ?

- प्रसारण लाइनको मार्ग निर्धारण नेपाल सरकारको विद्युत् नीति र गुरूयोजनालाई मुख्य आधार मानेर विभिन्न विशेषज्ञहरू सम्मिलित टोलीले गरेको अध्ययन र अनुसन्धानका आधारमा तयार गरिएको हो भने यसको वातावरणीय प्रभाव मूल्याङ्कन पनि गरिएको छ ।

- विद्युत् प्रसारण मार्गलाई प्राविधिक अध्ययन, स्थलगत (जमिन र चट्टानको अवस्थिति), वातावरणीय कारकहरू, वित्तीय विश्लेषण, सम्भावित जोखिम, कम जनसङ्ख्यामा नकारात्मक असर तथा विस्थापन, उत्पादनशील जमिनको कम प्रयोग, अनुत्पादक जमिनको बढीभन्दा बढी प्रयोग, आयोजनाले लिएको लक्ष्य प्राप्त गर्ने उद्देश्य (नेपालका औद्योगिक क्षेत्रमा विद्युत्को सहज पहुँच तथा देशभित्र खपत हुन नसकेको विद्युत्को भारतमा सहज निर्यात) जस्ता विषयले प्रभाव पारेको हुन्छ ।

- एमसीसी अनुदान सहायता अन्तर्गत नेपालमा निर्माण हुने विद्युत् प्रसारण मार्ग निर्धारणमा एमसीसीको कुनै भूमिका रहेको छैन ।

- यो मार्ग नेपाल सरकारको विद्युत् नीतिलाई केन्द्रमा राखेर ऊर्जा मन्त्रालय र नेपाल विद्युत् प्राधिकरणसँग सहकार्य गरी निर्धारण गरिएको हो ।

### फ) एमसीसीको सहयोगमा सडक स्तरोन्नतीको कस्तो आयोजना कार्यान्वयन हुन्छ ?

- एमसिए-नेपालको सडक मर्मत आयोजनाले नेपालको व्यापारिक महत्वयुक्त रणनैतिक सडक सञ्जालमध्ये करीब १०० किमि सडकको स्तरोन्नति गर्नेछ । यस आयोजनामा पूर्व-पश्चिम राजमार्गको चन्द्रौता - भालुबाङ (३५ किमि), भालुबाङ - लमही खण्ड (२७ किमि) र लमही - शिव खोला (३७ किमि) खण्डको मर्मत सम्भार कार्य गरिनेछ ।

- यसका लागि नेपालमै पहिलो पटक फूल डेप्थ रिसाइक्लिंग (एफडीआर) र सुपरपेभ प्रविधि प्रयोग गरिँदै छ ।

- यस आयोजनाले सडक विभाग र सडक बोर्ड नेपाललाई स्तरीय तथ्याङ्क सङ्कलन, सडक मर्मत योजना तथा लागत अनुमानको तयारी, आवधिक मर्मतसम्भारका लागि सुधारिएको प्राथमिकीकरण, करार व्यवस्थापनमा सुधारका साथै सडक सुरक्षा व्यवस्था एवं समग्र आयोजना व्यवस्थापनको एकीकरणका लागि प्राविधिक सहयोग तथा क्षमता अभिवृद्धि अवसर पनि उपलब्ध गराउनेछ ।

- यस आयोजनाले पूर्व-पश्चिम राजमार्ग जस्तो रणनैतिक रूपले महत्वपूर्ण सडक मर्मत गरी यातायातलाई सहज बनाउनुका साथै देशकै आर्थिक वृद्धिमार्फत दिगो विकासमा टेवा पुर्‍याउने अपेक्षा गरिएको छ ।

# ध्यानाकर्षण

हाल केही छापा तथा विद्युतीय सञ्चार माध्यम, विशेष गरी सामाजिक सञ्जालमा कम्प्याक्ट सम्बन्धी बुँदाहरू गलत तरिकाले उल्लेख गरिएको पाइएको र कम्प्याक्ट भनी गलत सामग्री प्रयोग गरिएको पनि पाइएको छ । कम्प्याक्ट सम्बन्धमा जनतालाई दिग्भ्रमित बनाउने खालका त्यस्ता अतिरञ्जित सामग्री प्रति सजग रहन सर्वसाधारणलाई अनुरोध गर्दछौँ ।

एमसिए-नेपालको वेबसाइट https://mcanp.org/documents-reports/main-agreements/मा आधिकारिक मिलेनियम च्यालेञ्ज कम्प्याक्ट नेपाली र अङ्ग्रेजी दुवै भाषामा उपलब्ध भएको जानकारी दिँदै थप जानकारीका लागि अर्थ मन्त्रालय वा एमसिए-नेपालको कार्यालयमा सम्पर्क गर्नुहुन पनि अनुरोध छ ।

(विसं २०७८ श्रावण १९ गते अद्यावधिक गरिएको ।)

थप जानकारीको लागि सम्पर्कः
**मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल)**
लालदरवार सम्मेलन केन्द्र
याक एण्ड यति कम्प्लेक्स, दरवार मार्ग, काठमाडौं, नेपाल
फोन नं. : ९७७-०१-४२३८३५३/०१-४२३८३९२
इमेल : info@mcanp.org; वेबसाइट : www.mcanp.org
© मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति वि.सं. २०७६ माघ